# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: ०७५/७६
च.नं. मिति: २०७५।१२।८

श्री प्रमुखज्यू,
पिपरा गाउँपालिका,
महोत्तरी ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट पिपरा गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ९३ लाख ४७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७४ हजार, नियमित गर्नुपर्ने रु.४० लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३७ लाख १९ हजार र पेश्की रु.३ करोड १५ लाख ८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता तयार गर्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराका सम्बन्धमा मिति २०७५।१०।२४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १४ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# पिपरा गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# ०७४।७५

**१. परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गर्दै गुणस्तरिय सेवा प्रदान गरी जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

**२. स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था देहाय वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **१५४२२३१.४९** | १ | **चालु खर्च** | **१७६१९२१६६.१९** |
| | क) नगद | ०.०० | २ | **पूँजीगत खर्च** | **१०२७०२२०४.९०** |
| | ख) बैंक | १५४२२३१.४९ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | **०.००** |
| २ | **राजस्व (आन्तरिक आय)** | **४६११५१४.१०** | | क) ऋण भुक्तानी | ०.०० |
| | क) आन्तरिक राजस्व | ४६११५१४.१० | | ख) ब्याज भुक्तानी | ०.०० |
| | ख) राजस्व बाँडफाँड | ०.०० | | ग) अन्य भुक्तानी | ०.०० |
| | ग) अन्य आय | ०.०० | ४ | **लगानी** | ०.०० |
| ३ | **वित्तीय हस्तान्तरण** | **३४४८१९०४१.००** | | ऋण लगानी | ०.०० |
| | क)वित्तीय समानीकरण अनुदान | १७६८७३०००.०० | | शेयर लगानी | ०.०० |
| | ख) सशर्त अनुदान | १६७९४६०४१.०० | | अन्य लगानी | ०.०० |
| | ग) समपूरक अनुदान | ०.०० | ५ | **वजेट फिर्ता (शसर्त)** | **५५७४९८७.००** |
| | घ) विशेष अनुदान | ०.०० | ६ | **धरौटी फिर्ता** | **१२८२००.००** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **०.००** | ७ | **धरौटी बाँकी** | **३०६३५०.००** |
| | क)वित्तीय समानीकरण अनुदान | ०.०० | ८ | **कोष खर्च** | **०.००** |
| | ख) सशर्त अनुदान | ०.०० | ९ | **मौज्दात** | **०.००** |
| | ग) समपूरक अनुदान | ०.०० | | क) नगद मौज्दात | ०.०० |
| | घ) विशेष अनुदान | ०.०० | | ख) बैंक मौज्दात | ६६५०३४२८.५० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ०.०० | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ०.०० | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | ०.०० | | | |
| ८ | **जनसहभागिता (नगद)** | ०.०० | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ०.०० | | | |
| १० | **धरौटी आय** | **४३४५५०.००** | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | ०.०० | | | |
| १२ | **अन्य विविध आय** | ०.०० | | | |
| | **जम्मा** | **३५१४०७३३६.५९** | | **जम्मा** | **३५१४०७३३६.५९** |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १ | **आन्तरीक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापुर्ण ढंगवाट सम्पादन गर्न तथा वित्तिय प्रतिवेदन प्रणाली विश्वसनिय वनाउन आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यालयले अवलम्वन गरेको आन्तरिक नियन्त्रण प्रणालिमा देहायका अवस्था देखिएको छ । कार्यालयको समग्र व्यवस्थापन सुदृढ गर्न आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७६ अनुसार मासिक आय व्यय विवरण ७ गते भित्र सार्वजनिकिकरण गरेको देखिएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८(५) अनुसार योजना सञ्चालन तथा कार्यान्वयन गर्दा सार्वजनिक परीक्षण, समाजिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको देखिएन।<br>• लागत अनुमान तयार गरी गरेको निर्माण कार्यको नापी पछि उपभोक्ता समितिको विल तयार गर्दा उपभोक्ता समितिको योगदान समेत समावेश गर्ने गरेको छ । निर्माण कार्यस्थलमा उपभोक्ता प्रत्यक्ष रुपमा काममा सहभागी नहुने साथै उपभोक्ताको अंश वरावरको रकम लगानी समेत नगरेको अवस्थामा निर्माण कार्यको परिमाण वढाई उपभोक्ता समितिको योगदान देखाउँदा निर्माण स्थलको वास्तविक कार्यको नापी हुने देखिएन । समाग्रीको परीमाण र निर्माण कार्य वढी देखाई उपभोक्ताको योगदानमा समावेश गर्दा उपभोक्ता समितिको विलले वास्तविक अवस्था चित्रण गरेको छैन।<br>• सार्वजकि खरिद नियमावली, २०६४ को नियम १० (३) अनुसार लागत अनुमान तयार गर्दा प्राविधिक दृष्टिकोणले कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख गरको पाईएन।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाइएन।<br>• मर्मत आदेश तथा म.ले.प.फारम नं. २ मर्मत अभिलेख राखेको देखिएन।<br>• आयोजना संचालन गर्न संलग्न भएका उपभोक्ता समिति दर्ता गरेको देखिएन।<br>• कार्यक्रम खाता, लक्ष्य प्रगति, आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तथा वार्षिक कार्य सम्पादन प्रतिवेदन राखेको पाईएन।<br>• शिक्षा तर्फ विद्यालयलाई तेश्रो चौमाशीक निकासा भुक्तानी गर्दा वित्तिय लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र निकासा दिनुपर्नेमा प्रतिवेदन वेगर निकासा भुक्तानी गरेको छ ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपैयाँ भन्दा बढीको खरिद कार्यमा वार्षिक खरिद योजना बनाई खरिद योजना कार्यान्यिन गर्नु पर्नेमा सोको पालन हुन सकेको देखिएन।<br>• राजस्वतर्फ आय ठेक्का सम्झौता, रसिद छपाई अभिलेख, व्यवस्थित र प्रमाणित रसिद नियन्त्रण खाता, दैनिक आम्दानी अभिलेख किताब राखेको देखिएन।<br>• कार्यालयले म.ले.प.फारम नं. १५ वैंक हिसाव मिलान विवरण तयार गरेको छैन।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई मासिक रुपमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सो अनुरुप जानकारी दिएको पाइएन।<br>कार्यालयले सम्पादन गर्नुपर्ने प्रत्येक कार्य क्षेत्रहरुका जोखिम पहिचान गरी त्यसलाई न्यूनिकरण गर्न आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी कार्यान्वयन गर्नु पर्दछ। | |
| २ | **सम्पत्ति लेखांकन :** गाउँपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन। कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखाङ्कन सुदृढ गर्नुपर्ने देखिएको छ। | |

| | | |
|---|---|---|
| ३ | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ४ | **कर्मचारी व्यवस्था:** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका कार्यालय तथा अन्तर्गतका विषयगत कार्यालयहरु (शिक्षा, स्वास्थ्य, कृषि, करारमा रहेका सामाजिक परिचालक लगायत)मा रहने कर्मचारीहरुको स्वीकृत दरवन्दी तथा पदपुर्ति के कति हो सोको विवरण प्राप्त गरी सञ्चालन भएको देखिएन । गाँउपालिकालाई आवश्यक जनशक्ति विश्लेषण गरी सोहि अनुसार कर्मचारी व्यवस्थापन गर्न पहल गर्नुपर्ने देखिन्छ । | |
| ५ | **श्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । अभिलेख तथा श्रोत नक्सांकन वा स्थानीय तह प्रोफाईल तयार गरी अद्यावधिक डाटावैंक स्थापित गर्नु पर्दछ । | |
| ६ | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनको लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ७ | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउँपालिका उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९७(१)मा उपभोक्ता समितिमार्फत काम गराउन लागत अनुमान तयार गर्दा उपभोक्ता समितिको योगदान समेत समावेश गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिको योगदान समेतको भुक्तानी विल तयार भएको भएपनि कुनैपनि निर्माण कार्यमा उपभोक्ता समितिको प्रत्यक्ष सहभागिता भएको वा रकम जम्मा गरेको देखिएन । यसवाट निर्माण कार्यभन्दा वढीको नापी देखाउने र योगदान नगरेको उपभोक्ता समितिको नाममा योगदान गरेको भनि वढी देखाएको परिमाण वरावरको रकम देखाउने गरेको देखिन्छ । यस्तो अवस्थामा सुधार गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिन्छ । | |

८ **योजना व्यवस्थापन :** वार्षिक नगर विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाउडपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । गाउँपालिकाले देहाय अनुसार भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम, गाउँपालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा पूजीगत बजेट शिर्षकमा समावेस भएको रु. ९ करोड ८४ लाखका १७५ निर्माण योजना स्वीकृत गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना १२ वटा, १ देखि २ लाख सम्मका योजना २८ वटा, २ देखि ३ लाख सम्मका योजना २८ वटा, ३ देखि ४ लाख सम्मका योजना १२ वटा, ४ देखि ५ लाख सम्मका योजना २९ बटा, ५ देखि १० लाख सम्मका योजना ३५ वटा र १० लाख भन्दा माथिका योजना ३१ वटा सञ्चालन गरेको देखिएको छ । निर्माण कार्य सम्झौता संख्या धेरै हुंदा कार्यालयको जनशक्ति वर्षैभरी निर्माण कार्य व्यवस्थापनमा लाग्नु पर्ने साथै स साना योजना सञ्चालन गर्दा खर्च बृद्धि हुने र तात्विक लाभ नहुने देखिन्छ । त्यसैले स साना छरिएका योजना भन्दा ठुला बजेटका महत्वपूर्ण योजना छनौट, स्वीकृती र सञ्चालन गर्न गाउँपालिकाको ध्यान जानुपर्ने देखिएको छ । त्यस्तै निर्माण सम्झौताको आधारमा विश्लेषण गर्ने हो भने प्रविधिक कर्मचारीले प्रत्येक निर्माण कार्यमा पुरा समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने गर्नाले निर्माण कार्य व्यवस्थापनको कार्य आर्थिक कार्यविधि नियमावली, २०६४ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहेको देखिन्छ । यस सम्बन्धमा गाउँपालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

| विवरण | गाउँ पालिका | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ लाख सम्मका | २ | ७ | ० | ० | ० | ० | १ | २ | १२ |
| १ देखि २ लाख सम्मका | ३ | ८ | ० | २ | ० | २ | ६ | ७ | २८ |
| २ देखि ३ लाख सम्मका | ० | ८ | २ | १ | १ | ३ | ७ | ६ | २८ |
| ३ देखि ४ लाख सम्मका | २ | २ | १ | ० | २ | ० | ० | ५ | १२ |
| ४ देखि ५ लाख सम्मका | ८ | १ | १ | ४ | ७ | ३ | २ | ३ | २९ |
| ५ देखि १० लाख सम्मका | ६ | २ | १ | ६ | ४ | ७ | ४ | ५ | ३५ |
| १० लाख भन्दा बढिका | ८ | ३ | ४ | ३ | ३ | ५ | ३ | २ | ३१ |
| **कुल जम्मा** | **२९** | **३१** | **९** | **१६** | **१७** | **२०** | **२३** | **३०** | **१७५** |

८.१ **सार्वजनिका सुनुवाई :** कार्यालयले उपभोक्ता समिति मार्फत सञ्चालन गरी भुक्तानी गरेका योजनाको निर्माण लागत, संरक्षणको अवस्था लगायतका विषय समावेश गरी सार्वजनिका सुनुवाई नगरेको योजनाका केही उदाहारण निम्न छन् । नियमानुसार सार्वजनिक सुनुवाई गरी पारदर्शिता कायम गर्नुपर्ने देखिएको छ ।

| विवरण | रकम रु. |
|---|---|
| लटु यादवको घर देखि ब्रम्ह स्थान सम्मको सडक ढलान | ६०००००.०० |
| कृष्ण पथ देखि चभचा पोखरी सम्म सडक पिसिसि ढलान | ३०००००.०० |
| बौधिमाई मन्दिरको सौचालय तथा सेड निर्माण | २५०००००.०० |

९ **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले तथा वडाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेबसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । गाउँपालिकाका वडाले रु. ४,५९,६३,२००.०० सामाजिक सुरक्षा भत्ता वितरण गर्दा केही व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । कार्यविधिमा उल्लेखित प्रावधान पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

गाउँपालिकाले सम्बन्धित वडा सचिवहरुले उपलब्ध गराएको विवरणका आधारमा पेश्कीको रुपमा निकाशा दिई प्राप्त भरपाई फाँटवारीको आधारमा पेश्की फछ्यौट गरेको पाइयो । पञ्जिकरण अभिलेख अद्यावधिक भए नभएको परिक्षण गर्नको लागि मृत्यु दर्ता अभिलेख रजिस्टर

माग गरिएकोमा लेखापरीक्षणको लागि पेश हुन आएन । मृत्यु दर्ता अभिलेख पेश हुन नआएकोले मृत्यु भईसकेका लाभग्राहीको नाममा रकम निकाशा एवं वितरण भए नभएको यकिन गर्न सकिएन ।

१० **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र लक्ष्य अनुसार कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कुल खर्च रु. २७,८८,९४,३७१.०९ मध्ये तेश्रो चौमासिक र आषाढमा बढि खर्च गरेको देखियो । यस्तो अवस्थामा सुधार गरी खर्च प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

११ **कोष व्यवस्था :** कार्यालयले यस वर्ष प्राप्त गरेको वित्तिय समानिकरण अनुदान रु. १७,६८,७३,००० मध्येबाट व्यवस्था गरी देहाय अनुसारको ५ कोषमा रु. ९१,८७,७३० जम्मा गरेको देखिन्छ । कुल अनुदानको ५ प्रतिशत हुनेगरी कोषमा रकम जम्मा गर्दा कोषबाट रकम खर्च गर्ने तथा कस्तो रकम कोषमा जम्मा गर्ने उल्लेख गरी सम्वन्धित कोष संचालन कार्यविधी स्वीकृत गरेको देखिएन । कोष संचालन गर्ने मापदण्ड स्वीकृत नहुँदै समानिकरण अनुदानमा प्राप्त रकम कोष खातामा ट्रान्सफर गर्दा विकास निर्माण संग सन्वन्धित कार्यमा खर्च हुने रकम कोष खातामा मौज्दात कायम हुन गएको छ । साथै आन्तरिक श्रोतको व्यवस्थापन नगरी अनुदान रकमबाट कोष खडा गर्दा अनुदान प्रभावकारी क्षेत्रमा खर्च नहुने अवस्था सृजना भएको देखिन्छ । कोषमा जम्मा गर्ने र खर्च गर्ने सम्वन्धमा कार्यविधी ब्यवस्थित गरेर मात्र कोष स्थापना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| कोषको विवरण | खाता नं. | रु. |
|---|---|---|
| कर्मचारी कल्याण कोष | १०५२००१६२ | १००००००.०० |
| आकस्मिक कोष | १०५२००१६३ | ४९८७७३०.०० |
| मर्मत संभार कोष | १०५२००१६१ | १००००००.०० |
| लैंगिक हिंसा निवारण कोष | १०५२००१६० | ५०००००.०० |
| सम्पुरक कोष | १०५२००१६४ | १७०००००.०० |
| **जम्मा** | | **९१८७७३०.००** |

१२ **शुरु मौज्दात :** मिति २०७४।११।२७ मा गाउँपालिका गठन पछि निकाशा प्राप्त भएको रु. १,००,००,०००.०० र साविकका गाउ विकास समितिबाट फिर्ता भएको देहाय अनुसारको रु. ४१,८८,५८७.८९ समेत गाउँपालिका गठन पछि मुल खाताको मौज्दात रु. १,४१,८८,५८७.८९ कायम भएको देखिन्छ । साविकका ५ गाउँ विकास समितिबाट केही रकम फिर्ता भएको देखिएपनि ती गाउँ विकास समितिको सचिवको जिम्मामा रहेको श्रेस्ता लेखापरीक्षणका लागि पेश नभएकोले गा. वि. स. मा गएको निकाशा तथा खर्च रकम यकिन हुने अवस्था देखिएन । निकाशा, खर्च र आन्तरिक आय यकिन नगरी हचुवाको भरमा फिर्ता गरेको रकम वास्तविक रुपमानै फिर्ता गर्नुपर्ने वरावरको हो होइन यकिन हुने अवस्था छैन । सम्वन्धित सचिवलाई जिम्मेवार वनाई वास्तविक आम्दानी खर्च लेखा र श्रेस्ता पेश गर्न लगाई सोही आधारमा फिर्ता गर्नुपर्ने रकम यकिन गरेर मात्र फिर्ता हिसाब फरफारक गर्नुपर्ने देखिन्छ । हिसाब फरफारक तथा आय व्यय विवरण तयार नगरी फिर्ता गरी वैंक जम्मा गरेको रकम वास्तविक देखिएको छैन । फिर्ता हुनुपर्ने रकमको वास्तविक अवस्था यकिन गर्ने तर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । गत आर्थिक वर्षको श्रेस्ता लेखापरीक्षण नभएको एकिकृत आर्थिक विवरण वनाई वक्यौता लेखापरीक्षण नगराएकोले चालु आर्थिक वर्षमा कायम भएको सुरु मौज्दात रु. १५,४२,२३१।४९ एकिन हुने देखिएन । एकिकृत आर्थिक विवरण समेत तयार गरी सुरु मौज्दात हिसाव यकिन हुने गरी अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन आएको छ । १५४२२३१।४९

| क्र. सं. | गा. वि. स. | फिर्ता (रु) |
|---|---|---|
| १ | रावरहिया | ५१४२.७१ |
| २ | पिपरा | २९०१७२.७५ |
| ३ | सहादेवा | १३६६८२३.८० |
| ४ | रतैली | १११३८९८.२७ |
| ५ | वनौली दनौली | १४१२५५०.३६ |
| **जम्मा** | | **४१८८५८७.८९** |

१३ **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिश्पर्धा

सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । नमूनाका आधारमा छनौट गर्दा कार्यालयले निम्न अनुसारका रु. ३३,९३,७२२.०० का सामान पटक पटक गरी खरिद गरेको देखिएको छ । वार्षिक कार्यक्रम स्वीकृत भएको र बजेटको समेत व्यवस्थापन भएको अवस्थामा ऐनले निर्धारण गरेको विधि र प्रकृया अवलम्वन गरी प्रतिस्पर्धि तरिकावाट खरिद गर्नुपर्ने देखिएको छ ।

| क्र.सं. | गो.भौ नं. | कार्य | सप्लायर्सको नाम | रकम |
|---|---|---|---|---|
| १. | २०/०७४/०३/१५ | फर्निचर ५ प्रकारका | न्यू रोयल डेकोर फर्निसिङ हाउस | ४९९९१२.०० |
| २. | २२/०७४/०३/१५ | फर्निचर १० प्रकारका | शिव इन्टरप्राइजेज | २३४१३६.०० |
| ३. | २८/०७४/०३/१८ | फर्निचर बुक केस लगायत | न्यू रोयल डेकोर फर्निसिङ हाउस | ११६१०७.०० |
| ४. | ३१/०७४/०३/१८ | खाट दराज आदि | शिव इन्टरप्राइजेज | ७१४१६.०० |
| ५. | ३३/०७४/०३/१८ | इर्न्भटर र सोलार | जलेश्वर नाथ ट्रेर्डस् | ३५४७९०.०० |
| ६. | ३९/०७४/०३/२९ | फर्निचर ५ प्रकारका | न्यू रोयल डेकोर फर्निसिङ हाउस | ३२२७२८.०० |
| ७. | ४४/०७४/०३/२९ | LGPIS र BPMIS सफ्टवेयर | साङरिला माइक्रो सिस्टम प्रा.लि. | ३९९४४५.०० |
| ८. | ४६/०७४/०३/२९ | प्रोफाइलिङ सफ्टवेयर | इको प्लस प्रा.लि. | ४९८३३०.०० |
| | | | **जम्मा** | **२४९६८६४.००** |

कार्यालयले आर्थिक वर्षको अन्तमा रु. ८,९७,७७५.०० का तीन किसिमका सफ्टवेयर खरिद गरेकोमा कुनैपनि सफ्टवेयर प्रयोगमा आएको देखिएन । कार्यालयमा प्रयोगमा नआउने सफ्टवेयर खरिद गर्न गरेको खर्च नियमित देखिएको छैन । कार्यालयले साविक गाउँविकास समितिको आम्दानी खर्च सहितको विवरण लेखापरीक्षणको लागि पेश गरेको छैन । उक्त अवधिको खर्चको अवस्थाको सम्वन्धमा तथ्यांक प्राप्त नभएकोले लेखापरीक्षण राय व्यक्त गर्न सक्ने अवस्था देखिएन ।

१४ **आन्तरिक आयः–** कार्यालयलको आन्तरिक श्रोत तर्फ गत आर्थिक वर्षको मौज्दात रु. १५,४२,२३१।४९ र यस आर्थिक वर्षमा भुमि/मालपोत रु. १७०५६९।५९, घरवाहाल कर रु. ७९१४४।००, अन्य आम्दानी रु. ६७०८२५।२६, प्रशासनिक शुल्क रु. २५२६५।०० र सरकारी सम्पत्ति वहाल आयवाट रु. ३६६५७१०।२५ समेत रु. ४६,११,५१४।१० आन्तरिक श्रोतवाट आय संकलन गरेको देखिन्छ । आम्दानी संकलन गर्न देहायमा उल्लेख भए अनुसार वडा सचिवको जिम्मामा रहने गरी ६१ ठेली मालपोत रसिद र १५ ठेली नगदी रसिद हस्ताण्तरण गरी रसिद नियन्त्रण खातावाट खर्च जनाएको छ । आर्थिक वर्षको अन्त्यमा रसिदवाट भएको आम्दानी एकिन गरी बाँकी रसिद सहित गाउँपालिकामा फिर्ता गर्नुपर्नेमा फिर्ता गरेको गरेको देखिएन । रसिदवाट हुने आम्दानी लेखाङ्कन व्यवस्थित गरी आन्तरिक आय यथार्थपरण वनाउनु पर्ने देखिन्छ । साथै गाउँपालिकाले आन्तरिक श्रोत तर्फ आर्थिक वर्ष २०७४।७५ मा रु. २,२४,९३,२७०।०० आन्तरिक आय प्राप्त हुने लक्ष्य लिएकोमा आर्थिक वर्ष अवधि भर रु. ४६११५१३.८४ मात्र प्राप्त भएको छ । गाउपालिका भित्रका संभाव्य आयका श्रोत पहिचान गरी आम्दानी व्यवस्थित गर्नु पर्दछ ।

| क्र.सं. | वडा नं. | वडा सचिवको नाम | मालपोत रसिद(ठेली) | नगदी रसिद (ठेली) |
|---|---|---|---|---|
| १. | १. | अशोक कुमार झा<br>वैद्यनाथ मण्डल | ५<br>३ | ४<br>२ |
| २. | २. | सुरेश दाश | ४ | १ |
| ३. | ३. | तारा प्रसाद मण्डल | ७ | - |
| ४. | ४. | शुलोचना शर्मा | १० | २ |
| ५. | ५. | विनोद ठाकुर | १३ | - |
| ६. | ६. | अरुण कुमार ठाकुर | ९ | - |
| ७. | ७. | हरिवोल मण्डल | १० | ३ |
| | | जम्मा ठेली संख्या | ६१ | १५ |

१४.१ कार्यालयको आन्तरिक आय आर्थिक वर्ष अवधिभर रु. ४६ लाख ११ हजार रहेकोमा बैंक खाता तथा निम्नानुसार आम्दानी भौचर परीक्षण गर्दा देहाय अनुसारका ४ वडाका ६ पोखरीको ठेक्का सम्झौता अनुसार ६ ठेकेदार तथा व्यक्तिवाट रु. १९,५५,३३४.०० र हाटवजार ठेक्का वापत रु. २,२२,०००.०० समेत जम्मा रु. २१,७७,३३४.०० बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाएको देखिन्छ । ठेक्का सम्झौताको रकम, आम्दानी अनुमान गर्ने आधार, ठेक्का प्रक्रिया समेत देखिने कागजात पेश नभएकोले प्रतिस्पर्धी ठेक्का भए नभएको तथा प्राप्त हुनु पर्ने आम्दानी समयमा प्राप्त भए नभएको यकिन हुने देखिएन । पारदर्शी र प्रतिस्पर्धी ठेक्का व्यवस्था कायम गरी सवै आम्दानी गाउपालिमा मार्फत व्यवस्थित हुने गरी आम्दानी ठेक्का सुदृढ गर्नु पर्दछ । ठेक्का फाईल, आय ठेक्का सम्झौता र आम्दानी भिडान हुने नगदी रसिद समेत पेश गरी सोही आधारमा मात्र वास्तविक आम्दानी यकिन गर्नुपर्ने साथै थप आम्दानी दाखिला गर्न बांकी देखिएमा सो समेत दाखिला गर्नु पर्दछ । २१,७७,३३४.००

| भौ.नं. | वडा नं. | विवरण | दाखिला गर्नेको नाम | दाखिला रकम |
|---|---|---|---|---|
| ५०।०७४।११।०९ | २ | पोखरी किस्ता (लवकी पोखरी) | जिवछ मुखिया | १०००००.०० |
| ५१।०७४।११।२७ | २ | पोखरी किस्ता ( जटिमाई पोखरी) | ज्ञानेन्द्र कुमार राउत | ३०००००.०० |
| ५१।०७४।११।२९ | ४ | पोखरी किस्ता ( पइनपिवी पोखरी) | उर्मिला देवि पासवान | ३०००००.०० |
| ७७।०७५।०२।०६ | ३ | पोखरी किस्ता ( दिर्दिया पोखरी) | मनोज कापर | ३०००००.०० |
| १०५।०७५।३।१८ | १ | पोखरी किस्ता (देवानी पोखरी) | कैलाश मण्डल | १०००००.०० |
| ११३।०७५।०३।२२ | १ | पोखरी किस्ता ( गंगासागर पोखरी) | रामचन्द्र र पिन्टु मण्डल | ८५५३३४.०० |
| १०।०७४।०४।०९ | पिपरा | हाटवजार ठेक्का | नखुल्ने | २२०००.०० |
| १२।०७४।०४।०९ | पिपरा | हाटवजार ठेक्का | राम आश्रम यादव | २०००००.०० |
| | | **जम्मा** | | **२१,७७,३३४.००** |

१५ **आन्तरिक श्रोत तथा प्रशासनिक खर्च :** गाउँपालिकाले प्रशासनिक खर्च आन्तरीक आयको निश्चित सिमा भित्र राख्नु पर्दछ । पेश गरेको आय व्यय विवरण अनुसार गाउँपालिकको आन्तरीक आय रु. ४६ लाख १२ हजार रहेको छ । पदाधिकारीको सेवा सुबिधा तथा प्रोत्साहन भत्ता तर्फ निर्णय भए अनुसार तलब तथा भत्ता सुबिधामा देहाय अनुसार आम्दानी भन्दा ३७ प्रतिशतले बढि हुनेगरी वार्षिक रु. ७२ लाख ९० हजार खर्च हुने देखिन्छ ।

| सि.न. | विवरण | वार्षिक रु |
|---|---|---|
| १. | पदाधिकारी तलव भत्ता | ४५७६९७०.६५ |
| २. | पदाधिकारी वैठक भत्ता | १३९१३७५.०० |
| ३. | सभा सञ्चालन खर्च | ५०००००.०० |
| ४. | कर्मचारी प्रोत्साहन (गाउँपालिका कार्यालयमा मात्र कार्यरत कर्मचारीलाई) | ८२१६००.०० |
| | **जम्मा :** | **७२८९९४५.६५** |

सेवा सुबिधामा आन्तरीक आय भन्दा बढी खर्च हुँदा पूजि बृद्धी हुने पूर्वाधारका क्षेत्रमा हुने लगानी प्रभावित हुने देखिएकोले सञ्चालन खर्च निश्चित शिमा भित्र कायम गरी खर्च व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१६ **अवण्डाः** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अध्ययन गर्दा प्राविधिक मूल्यांकन अनुसार भुक्तानी दिने गरी रु. ५०,००,०००।०० र भैपरी आउने शीर्षकमा भुक्तानी दिने गरी रु. ३९,५०,०००।०० योजना नखुलाई अवण्डामा राखेको देखिन्छ । उक्त रकम मध्ये प्राविधिक मुल्यांकन अनुसार भुक्तानी दिने गरी राखेको वजेटवाट आर्थिक वर्ष २०७४।७५ मा १६ वटा गोश्वारा भौचरवाट चैत्र महिना देखि आषाढ मसान्त सम्म रु. ४०,४५,८९०।९० भुक्तानी भएको देखिन्छ भने भैपरी आउने शीषकवाट भुक्तानी भएको देखिएन । योजना उल्लेख नगरी अवण्डा

वजेट कायम गर्ने र सुविधाका योजना तर्जुमा गरी खर्च गरेको देखिन्छ । अवण्डा वजेट व्यवस्था गरी सुविधाका आधारमा योजना सम्झौता गरी खर्च गर्दा वित्तिय अनुसासन कायम हुने देखिएन । अवण्ड वजेट कायम गर्ने पद्धतिमा सुधार गरी योजना, वजेट तथा कार्यक्रम पारदर्शि वनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । ४०,४५,८९०.९०

१७ **भुक्तानीको अवस्थाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९७(१)मा उपभोक्ता समितिमार्फत काम गराउँन लागत अनुमान तयार गर्दा उपभोक्ता समितिको अंश समेत समावेश गर्नुपर्ने व्यवस्था भए अनुसार नमुनाका आधारमा छनौट गरिएको देहायका रु. १८,६३,५२८.०० का २ निर्माण कार्यमा नापी किताव अनुसार उपभोक्ता समितिको अंश रु. ९३,५२८.०० र कार्यालयको तर्फवाट रु. १७७००००.०० वेहोर्ने गरी लागत अनुमान भन्दा ४९ प्रतिशत घटि रु. ९,५०,६२३.०० को मात्र काम हुँदा समेत निर्माण कार्य फरफारक गरी उपभोक्ता समितिको विल तयार गरेको छ । लागत अनुमान र नापीमा योगदान देखाए पनि निर्माण कार्यमा उपभोक्ता समितिको प्रत्यक्ष सहभागिता भएको वा रकम जम्मा गरेको देखिएन । साथै लागत अनुमानको ५० प्रतिशत भन्दा घटि मात्र कार्य हुँदा समेत निर्माण सम्झौता फरफारक गरेको देखिन्छ । उपभोक्ताले योगदान नगरेको परिमाण समावेश गरी लागत अनुमान अनुसार कार्यसम्पन्न भएको देखाई भुक्तानी फरफारक गर्ने परिपाटीमा सुधार गर्नुपर्ने देखिन्छ ।

| क्र. सं. | गो.भौ.नं. | विवरण | कार्यालयको तर्फवाट व्यहोर्ने | उपभोक्ता समिति योगदान | लागत अनुमान | कार्य सम्पन्न र भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | २३।०७५।०२।२४ | शिवल यादवको देखि योगेन्द्र मण्डलको घरसम्म ग्राभेल | ९७००००.०० | ३००००.०० | १००००००.०० | ४८९२८१.०० |
| २ | २४।०७५।२।२४ | वनौली मोड देखि लवुमीसागर पोखरी सम्म सडक मर्मत सम्भार, वडा ७ | ८०००००.०० | ६३५२८.०० | ८६३५२८.०० | ४६१३४२.०० |
| | | **जम्मा** | **१७७००००.००** | **९३५२८.००** | **१८६३५२८.००** | **९५०६२३.००** |

१८ **स्ट्रीट लाइट :** कार्यालयले वित्तिय समानिकरण अनुदान कार्यक्रम अर्न्तगत समावेश गरी ७ वटै वडामा मिति २०७५/०३/२५ सम्म वत्ति जडान गरीसक्ने गरी मिति २०७५/०३/०६ मा स्ट्रीट लाइट जडान उपभोक्ता समिति संग रु ७०,००,०००.०० को सम्झौता गरेको देखिन्छ । २० दिन भित्र जडान गरिसक्ने गरी भएको सम्भ्झौतामा हालसम्म कुनै प्रगति भएको देखिएन । लागत अनुमान रु. ६९,९६,८९०.०० वरावरमानै जडान कार्य सम्पन्न गर्ने गरी भएको सम्झौताको बुँदा नं ८ मा १ महिना भित्र कार्यसम्पन्न गर्नुपर्ने र कार्यसम्पन्न नगरेमा कार्यालयले सम्झौता अन्त्य गर्नसक्ने व्यवस्था रहेपनि उपभोक्ता समितिले जडान कार्यमा प्रगति नगरेको र कार्यालयले समेत सम्झौताको शर्तको पालना गराउने तर्फ पहल नगरेको देखिन्छ । र्सवसाधारणले प्रयाप्त लाभ प्राप्त गर्ने कार्य सम्झौता अनुसार सम्पन्न गरी योजना सम्पन्न गर्ने तर्फ उपभोक्ता समिति लगायत सम्वन्धित निकायको ध्यान पुग्नुपर्ने देखिन्छ ।

१९ **कन्टिजेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची – १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिजेन्सी समावेश गरी सोही अनुसार खर्च गर्न सक्ने व्यवस्था छ । कार्यालयले यस वर्ष पूजीगत खर्च शिर्षकबाट उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका योजनामा भुक्तानी गर्दा गो. भौ. नं. १३।०७५।०१।२४ देखि गो. भौ. नं. २२१।०७५।०३।२२ बाट समेत गरि १५१ पटक सम्बन्धित उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको आधारमा भुक्तानी गर्दा कट्टी गरेको कन्टिजेन्सी रु. २३,६६,७३० एभरेष्ट बैंकमा खोलेको कन्टिजेन्सी खाता नं. ०६२००१०५२००१६९ मा जम्मा गरेको देखिन्छ । योजना संग प्रत्यक्ष रुपले सम्बन्धित कार्यमा मात्र खर्च गर्न सकिने गरी कट्टी गरेको रकमबाट यस वर्ष कुनै खर्च नगरी छुट्टै वैंक खाता खोली मौज्दात कायम गरको छ । कन्टिनजेन्सि खाताबाट आर्थिक वर्ष समाप्त भईसकेपछि अघिल्लो आर्थिक वर्षमा सम्पन्न भएका योजनाका लागि भएको भनि खर्च लेख्दा सम्वन्धित गाउँपालिकाबाट निर्णय गराई योजनाको कार्यसम्पन्न गर्न प्रत्यक्ष रुपले सम्वन्धित कार्यमा खर्च भएको आश्वस्त हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च गर्न सकिने देखिन्छ । साथै छुट्टै

खाता खोली कन्टिजेन्सी मौज्दात राखेको रकम विकास निर्माण सम्वन्धि योजनामा लगाउने गरी परिचालन गर्नेतर्फ समेत गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२० **सवारी साधनः** कार्यालयको जिन्सी खाता परीक्षण गर्दा देहायअनुसारका ४ मोटरसाईकल खरिद गरी प्रयोगमा रहेको देखिन्छ । गाउँपालिकाको स्वामित्वमा रहेको मोटरसाईकलमा निजि सवारी साधनमा प्रयोग हुने रातो नम्वर प्लेट प्रयोग भएको छ । सरकारी निकायको स्वामित्वमा रहेको सवारी साधनमा सेतो नम्वर प्लेट कायम गर्ने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।

| क.सं. | सवारी साधन नम्वर | प्रकार |
|---|---|---|
| १. | ज ११ प ३३३९ | मोटरसाईकल |
| २. | ज १० प २६०७ | स्कुटी |
| ३. | ना ५२ प ९३५८ | मोटरसाईकल |
| ४. | ज ११ प ४०२३ | स्कुटी |

२१ **पेश्की :** पेश्की तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न अनुसारका व्यक्ति तथा निकायलाई योजना तथा कार्यक्रम सञ्चालन गर्न दिएको पेश्की फछ्र्यौट गरेको देखिएन । नियमाननुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ । ३१५०८३९०.००

| क.सं. | पेश्की मिति | पेश्की लिनेको नाम | विवरण | पेश्की (रु) | शिर्षक |
|---|---|---|---|---|---|
| १. | २०७५/०३/३२ | वडा अध्ययक्ष किशोरी साह | गाँउ सभा संचालन | ५०००००.०० | वित्तिय समानिकरण |
| २. | ०७५/०३/३२ | खरिदार विनोद कुमार ठाकुर | पदाधिकारी वैठक भत्ता | ११७३००.०० | वित्तिय समानिकरण |
| ३. | ०७५/०३/२६ | खरिदार हरिवोल मंडल | पदाधिकारी वैठक भत्ता | ६१२००.०० | वित्तिय समानिकरण |
| ४. | २०७५/०३/२४ | हे.अ. रविविक्रम साह | कर्मचारी प्रोत्साहन भत्ता तथा पुरस्कार | ३५०६००.०० | वित्तिय समानिकरण |
| ५. | २०७५/०३/२५ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | स्वास्थ्य सँस्थालाई औषधि खरिद | १०००००.०० | वित्तिय समानिकरण |
| ६. | २०७५/०३/२५ | ना.सु. शुलोचना शर्मा | पदाधिकारी वैठक भत्ता | ३५७००.०० | वित्तिय समानिकरण |
| ७. | २०७५/०३/२० | खरिदार वैद्यनाथ मंडल | पदाधिकारी वैठक भत्ता | ४०८००.०० | वित्तिय समानिकरण |
| ८. | २०७५/०१/०७ | मनोज कुमार ठाकुर | गाउँपालिका तथा वडा कार्यालय मसलन्द | ५०००.०० | वित्तिय समानिकरण |
| ९. | २०७५/०३/२९ | आशा पासमान | पदाधिकारी वैठक भत्ता | १४७९००.०० | वित्तिय समानिकरण |
| १०. | २०७५/०३/२० | तारा प्रसाद मंडल | पदाधिकारी वैठक भत्ता | १०७१००.०० | वित्तिय समानिकरण |
| ११. | २०७५/०३/३२ | वडा अध्यक्ष रामदेव हाथी सुडी | सामाजिक सुरक्षा भत्ता वितरण | ३६००००.०० | सामाजिक सुरक्षा |
| १२. | २०७५/०३/२५ | वडा अध्यक्ष रामदेव हाथी सुडी | सामाजिक सुरक्षा भत्ता वितरण | ५५४४०००.०० | सामाजिक सुरक्षा |
| १३. | २०७५/०३/२५ | ना.सु. शान्ति देवी | सामाजिक सुरक्षा भत्ता वितरण | १९९२००.०० | सामाजिक सुरक्षा |
| १४. | २०७४/०९/३० | ना.सु. विनय कुमार कर्ण | सामाजिक सुरक्षा भत्ता वितरण | २११२२००.०० | सामाजिक सुरक्षा |
| १५. | २०७५/०३/३२ | ना.सु. शुलोचना शर्मा | बाल संरक्षण | ७६८०००.०० | सामाजिक सुरक्षा |
| १६. | २०७५/०३/३१ | खरिदार विनोद कुमार ठाकुर | सामाजिक सुरक्षा भत्ता वितरण | ७२००००.०० | सामाजिक सुरक्षा |
| १७. | २०७५/०३/२५ | खरिदार वैद्यनाथ मंडल | सामाजिक सुरक्षा भत्ता वितरण | ३३५२००.०० | सामाजिक सुरक्षा |
| १८. | २०७५/०३/२५ | खरिदार हरिवोल मंडल | सामाजिक सुरक्षा भत्ता वितरण | २६४०००.०० | सामाजिक सुरक्षा |
| १९. | २०७५/०३/२५ | ना.सु. शुलोचना शर्मा | सामाजिक सुरक्षा भत्ता वितरण | ५८८००.०० | सामाजिक सुरक्षा |
| २०. | २०७५/०२/०८ | ना.सु. शुलोचना शर्मा | सामाजिक सुरक्षा भत्ता वितरण | ३७२६०००.०० | सामाजिक सुरक्षा |
| २१. | २०७५/०३/२२ | खरिदार विनोद | सामाजिक सुरक्षा भत्ता | ५५६५६००.०० | सामाजिक सुरक्षा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कुमार ठाकुर | वितरण | | |
| २२. | २०७५/०३/११ | माछापुछ्रे बैंक लिमिटेड, मटिहानी | सामाजिक सुरक्षा भत्ता वितरण | १४८२४००.०० | सामाजिक सुरक्षा |
| २३. | २०७५/०२/२८ | तारा प्रसाद मण्डल | सामाजिक सुरक्षा भत्ता वितरण | १५०००००.०० | सामाजिक सुरक्षा |
| २४. | २०७५/०३/२५ | तारा प्रसाद मण्डल | सामाजिक सुरक्षा भत्ता वितरण | ४९६८००.०० | सामाजिक सुरक्षा |
| २५. | २०७५/०३/०४ | तारा प्रसाद मण्डल | सामाजिक सुरक्षा भत्ता वितरण | २७९०४००.०० | सामाजिक सुरक्षा |
| २६. | २०७५/०२/०८ | हे.अ. रविविक्रम साह | १००० दिनका आमाहरुलाई सूक्ष्म पोषण युक्त आहार र स्तनपान तथा पुरक आहार सम्वन्धी १ दिने अभिमुखिकरण | ५०४००.०० | बहुक्षेत्रीय पोषण |
| २७. | २०७५/०२/०८ | हे.अ. रविविक्रम साह | म.स्वा.से.मार्फत १००० दिनका आमाहरुलाई सूचि तयार गर्ने | ६७५००.०० | बहुक्षेत्रीय पोषण |
| २८. | २०७५/०३/२५ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | वडा स्तरीय पो.तथा खा.सु.नि.स. मार्फत समिक्षा | ८३३००.०० | बहुक्षेत्रीय पोषण |
| २९. | २०७५/०३/२५ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | गा.पा. स्तरीय पो.तथा खा.सु. नि.स. मार्फत समिक्षा | २५३५०.०० | बहुक्षेत्रीय पोषण |
| ३०. | २०७५/०३/१४ | हे.अ. रविविक्रम साह | गा.पा. स्तरीय पो.तथा खा.सु. नि. स. नियमित वैठक | ५०५५०.०० | बहुक्षेत्रीय पोषण |
| ३१. | २०७५/०३/२५ | खरिदार अशोक कुमार झा | वाल क्लव तथा अन्य विद्यार्थीका लागि पोषण सम्वन्धी कक्षा सञ्चालन | ५४०००.०० | बहुक्षेत्रीय पोषण |
| ३२. | २०७५/०३/२५ | खरिदार अशोक कुमार झा | वाल विकासका सहजकर्ताहरुलाई पोषण सम्वन्धी १ दिने अभिमुखीकरण | २३९५०.०० | बहुक्षेत्रीय पोषण |
| ३३. | २०७५/०३/२५ | खरिदार अशोक कुमार झा | विद्यालय तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई पोषण सम्वन्धी १ दिने अभिमुखीकरण | ९३०००.०० | बहुक्षेत्रीय पोषण |
| ३४. | २०७५/०३/२५ | खरिदार अशोक कुमार झा | १००० दिनका आमाहरुलाई करेसावारी सम्वन्धी १ दिने तालिम | ५२५००.०० | बहुक्षेत्रीय पोषण |
| ३५. | २०७५/०३/२५ | खरिदार अशोक कुमार झा | तालिम लिएका १००० दिनका आमाहरुलाई करेसावारी सम्वन्धी सामाग्रीहरु वितरण | ३३८५००.०० | बहुक्षेत्रीय पोषण |
| ३६. | २०७५/०३/२५ | खरिदार अशोक कुमार झा | १००० दिनका आमाहरुलाई सुद्ध खानेपानीका लागि फिल्टर वितरण कार्यक्रम | ३४३०००.०० | बहुक्षेत्रीय पोषण |
| ३७. | २०७५/०३/२५ | खरिदार अशोक कुमार झा | पानी परिक्षण | १०५०००.०० | बहुक्षेत्रीय पोषण |
| ३८. | २०७५/०३/२५ | खरिदार अशोक कुमार झा | विद्यालय नजाने किशोरीहरुलाई पोषण र महिनावारी सम्वन्धी १ दिने अभिमुखिकरण | ५०४००.०० | बहुक्षेत्रीय पोषण |
| ३९. | २०७५/०३/२५ | मनोज कुमार ठाकुर | १००० दिनका आमाहरुलाई हाँस पालन सम्वन्धी १ दिने तालिम | ५६०००.०० | बहुक्षेत्रीय पोषण |
| ४०. | २०७५/०३/२५ | मनोज कुमार ठाकुर | तालिम लिएका १००० दिनका आमाहरुलाई हाँस वितरण | २३४५००.०० | बहुक्षेत्रीय पोषण |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१. | २०७५/०३/२५ | मनोज कुमार ठाकुर | जैविक कृषि विषयमा नमुना कृषकहरुलाई १ दिने तालिम | १३४४००.०० | बहुक्षेत्रीय पोषण |
| ४२. | २०७५/०३/२५ | मनोज कुमार ठाकुर | सहकारी सस्था तथा महिला समुहमा संलग्न महिलाहरुलाई पोषण सम्वन्धी १ दिने अभिमुखिकरण | ५०४००.०० | बहुक्षेत्रीय पोषण |
| ४३. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | बहुक्षेत्रिय पोषण योजना कार्यान्वयन तथा पोषण कार्यक्रम संचालन २८ MSNP जिल्ला / सवै र प्रदेश | ८००००.०० | स्वास्थ्य तर्फ |
| ४४. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | समुदायमा स्वास्थ्य सेवा प्रवर्धन अन्तरक्रिया कार्यक्रम | ६०००.०० | स्वास्थ्य तर्फ |
| ४५. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | आपतकालिन पोषण कार्यक्रमका लागि जिल्लास्तरीय आकष्मिक योजना तथा पूर्वतयारी ढाँचा विकास | ७०००.०० | स्वास्थ्य तर्फ |
| ४६. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | औलोरोग ग्रसित क्षेत्रहरुमा शंकास्पद औलो रागी पत्ता लगाई नमुना संकलन गरी उपचार तथा केशको निगरानी गर्ने | १००००.०० | स्वास्थ्य तर्फ |
| ४७. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | ७५ जिल्लामा म.स्वा.से. अर्धवार्षिक समीक्षा वैठक | ७६२५०.०० | स्वास्थ्य तर्फ |
| ४८. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | विद्यालयमा स्वास्थ्य प्रवर्धन तथा शिक्षा कार्यक्रम | ७०००.०० | स्वास्थ्य तर्फ |
| ४९. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | समुदायमा स्वास्थ्य सेवा प्रवर्धन अन्तक्रिया कार्यक्रम | ६०००.०० | स्वास्थ्य तर्फ |
| ५०. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | जिल्ला तथा वर्थिङ सेन्टरहरुवाट आकस्मिक रुपमा रेफर | ९०००.०० | स्वास्थ्य तर्फ |
| ५१. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | आइ.इ.सि.डी. सेवा प्रदान | ४०००.०० | स्वास्थ्य तर्फ |
| ५२. | २०७५/०३/२५ | हे.अ. रविविक्रम साह | इम्प्लान्ट सेवा | ३०००.०० | स्वास्थ्य तर्फ |
| ५३. | २०७५/०२/०८ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | सुक्ष्म पोषक तत्व कार्यक्रमको अभिमुखिकरण तथा सुदृढीकरण कार्यक्रम | ६००००.०० | स्वास्थ्य तर्फ |
| ५४. | २०७५/०२/०८ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | पहुँच नपुगेका र ड्रप आउट वच्चाको खोजी तथा पूर्ण खोप दिलाउन महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई अभिमूखिकरण र योजना निर्माण | ३६०००.०० | स्वास्थ्य तर्फ |
| ५५. | २०७५/०२/०८ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | FP Satisfied Client | १००००.०० | स्वास्थ्य तर्फ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | Interaction Pogram and Followup | | |
| ५६. | २०७५/०२/०८ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | सुनौला हजार दिन प्रवर्धनका लागि संचार अभियान कार्यक्रम | ६००००.०० | स्वास्थ्य तर्फ |
| ५७. | २०७५/०२/०८ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | किशोर किशोरी कार्यक्रम अन्तर्गत महिनावारी स्वास्थ्य व्यवस्थापन | ८०००.०० | स्वास्थ्य तर्फ |
| ५८. | २०७५/०२/०८ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | भिटामिन ए क्याप्सुल आम वितरण कार्यक्रमका लागि म.स्वा.स्व.से. परिचालन खर्च | ३६०००.०० | स्वास्थ्य तर्फ |
| ५९. | २०७५/०३/२५ | सि.अ.हे.व. शम्भु कुमार मिश्र | अन्य भत्ता | ३२७५०.०० | स्वास्थ्य तर्फ |
| ६०. | २०७५/०२/१६ | राम प्रकाश महतो | पशु स्वास्थ्य कर्मीहरु तथा सरोकारवालासंग अन्तक्रिया गोष्ठी | ३२०००.०० | पशु तर्फ |
| ६१. | २०७५/०२/१६ | राम प्रकाश महतो | पशु पालक कृषकहरुसंगको अन्तक्रिया गोष्ठी १ दिने | २५०००.०० | पशु तर्फ |
| | | | **जम्मा** | **२९७०८९५०.००** | |
| ६२. | नखुलेको | अरुण कुमार ठाकुर | गत आर्थिक वर्षको पेश्की (वातावरण संरक्षण तथा अन्य) | १७९९४४०.०० | |
| | | | **कुल जम्मा** | **३१५०८३९०.००** | |

कार्यालयले गत आर्थिक वर्षको साविकका गाउँविकास समितिको पेश्की एकिन नगरी रु. १३२७२५८०।०० जिम्मेवारी सारेको मध्ये यस आ.व.मा रु. ११४७३१४०।०० फछ्र्यौट गरेको छ । साविक गाउँविकास समितिको फछ्र्यौट हुन वाकी रकम एकिन गरी जिम्मेवारी सारी सम्वन्धितलाई जिम्मेवार वनाउनु पर्दछ ।

२२ **भरपाई वेगरको खर्चः** कार्यालयले गत आर्थिक वर्षको साविकका गाउँविकास समितिको पेश्की एकिन नगरी रु. १३२७२५८०।०० जिम्मेवारी सारेको मध्ये यस आ.व.मा रु. ११४७३१४०।०० फछ्र्यौट गरेकोमा निम्नानुसार पेश्की फछ्र्यौटमा भरपाई नपुग भएको छ । भरपाई वेगरको खर्च असुल गर्नुपर्दछ । ७४०००.००

| गो.भौ.नं. | नाम | विवरण | पेश्की रकम | भरपाई | नपुग रकम |
|---|---|---|---|---|---|
| १४।०७४।१०।०७ | सचिव विजय कुमार कर्ण | वाल संरक्षण तर्फ ३ र ४ वडाको | ७३४४००.०० | ७२८०००.०० | ६४००.०० |
| २१।०७४।१०।११ | सचिव अरुण कुमार ठाकुर | वडा नं. ५ र ६ को दोश्रो र चौथो चौमासिक सामाजिक सुरक्षा पेश्की | ३८९७६००.०० | ३८८१६००.०० | १६०००.०० |
| २३।०७४।१०।११ | सचिव अरुण कुमार ठाकुर | सामाजिक सुरक्षा पेश्की रु. २५००००।०० र | ३८११६००.०० | ३७६००००.०० | ५१६००.०० |
| | **जम्मा** | | | | **७४०००.००** |

२३ लेखापरीक्षण योजना तथा कार्यक्रमको अनुसुची ११ अनुसार कार्यालयको बित्तिय जवाफदेहिताको मूल्यांकन गरी ४ तहमा ग्रेडिङ गर्नुपर्ने व्यवस्था छ । कार्यालयको व्यवस्थापकिय पक्ष, बित्तिय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन तथा बिकास निर्माणको ५/५ गरी जम्मा १०० पुणाङ्कको आधारमा व्यबस्थापन पक्षसँग छलफल समेत गरी मूल्याकंन गर्दा कार्यालयको कार्यसम्पादन एंव वित्तिय जवाफदेहिताको

| | | |
|---|---|---|
| | मूल्यांकन अंक ५१ रहेको छ । कार्यालयले व्यवस्थापकीय, वित्तिय, सेवा प्रवाह तथा खरिद व्यवस्थापन पक्षमा आगामी दिनमा सुधार गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ । | |
| २४ | **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु. ७४ हजार, नियमित गर्नुपर्ने रु. ४० लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३७ लाख १९ हजार र पेश्की रु. ३ करोड १५ लाख ८ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भएको छैन । | |
| २५ | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गत वर्षको बक्यौता रहेकोले बेरुजु कायम भएको छैन । | |
| २६ | **अद्यावधिक बेरुजू स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| | - | ३,९३,४७,८४६.३९ | ३,९३,४७,८४६.३९ |

अनुसूची– १७

# स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## संघीय मामिला तथा सामान्य प्रशासन लेखापरीक्षण निर्देशनालय

## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| ८ | महोत्तरी | पिपरा गाउँपालिका | २१ | ५ | ३९३४७ | ० | ० | ० | २१ | ५ | ३९३४७ | ७४ | ४०४५ | ३७१९ | ० | ० | ७८३८ | ० | ३१५०९ | ३१५०९ |

अनुसूची- १

# स्थानीय तह सञ्चित कोष विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :-** ७

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| ८ | पिपरा गाउँपालिका | महोत्तरी | १५४२ | १७६८७३ | १६७९४६ | ५०४६ | ३४९८६५ | १७६१९२ | १०२७०२ | ६०१० | २८४९०४ | ६६५०३ |